# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ संख्याः १ मितिः २०८२।०१।१२


## भाग - २

# नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८१

बालिका तथा समाबेशी शिक्षा संजाल गठन तथा संचालन सम्बन्धी मापदण्ड, २०८० तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगर कार्यपालिकाले यो **नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८१** बनाई लागू गरेको छ।

# नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१२/३१

**प्रस्तावनाः**

शिवराज नगरपालिका भित्रका बालिका, अपाङ्गता तथा सीमान्तकृत र जोखिममा रहेका बालबालिकाको शिक्षा, सुरक्षा र संरक्षणका अधिकारहरूलाई प्रवर्द्धन गरी लैंङ्गिक हिंसामा कमी ल्याउन र बालबालिकाले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्न, पालिकाबाट जारी गरिएको अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न, सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिन र शिवराज नगरपालिकाले गर्ने नीति निर्माण प्रक्रियामा उनीहरूको सवाल संलग्न गर्न गराउन स्वतन्त्र सरोकारवाला समूहको रुपमा बालिका तथा समावेशी शिक्षा सञ्जाललाई संस्थागत गर्न वाञ्छनीय भएकाले,

वालिका तथा समाबेशी शिक्षा संजाल गठन तथा संचालन सम्बन्धी मापदण्ड, २०८० तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाको नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालनका लागि यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको **नाम "नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि, २०८१"** रहने छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) "नगर प्रमुख" भन्नाले शिवराज नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ख) "नगर उपप्रमुख" भन्नाले शिवराज नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(ग) "अपाङ्गता भएका व्यक्तिहरू" भन्नाले अपाङ्गता भएमा व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन २०७४ को अनुसूची १ मा उल्लेख भएका परिभाषा र वर्गीकरण अनुसारका व्यक्तिलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले शिवराज नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले शिवराज नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(च) "कोष" भन्नाले दफा १३ बमोजिमको कोष सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले शिवराज नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) "बालिका" भन्नाले विद्यालय तहको शिक्षा अध्ययन गर्ने उमेर समूहका बालिकाहरूलाई सम्झनु पर्छ ।

(झ) "नगर स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल" भन्नाले समुदाय वा विद्यालय स्तरमा बालिका तथा समावेशी शिक्षालाई प्रवर्धन गर्ने उद्देश्यले गठन भएको संजाललाई सम्झनु पर्दछ।

(ञ) "सदस्य" भन्नाले यसै कार्यविधि बमोजिमका बालिका तथा समावेशी शिक्षा सञ्जालका सदस्यहरूलाई सम्झनु पर्छ ।

(ट) "समावेशी शिक्षा" भन्नाले शिक्षा ऐन २०२८ (नवौ संशोधन) को दफा ६ (क) बमोजिमको शिक्षालाई सम्झनु पर्छ ।

(ठ) "सीमान्तकृत तथा जोखिममा रहेका समुदाय" भन्नाले सामाजिक, आर्थिक तथा सांस्कृतिकरुपमा पिछडिएका समुदाय भन्ने सम्झनु पर्छ ।

(ड) "संरक्षक" भन्नाले दफा ४ बमोजिमको सञ्जालको संरक्षक सम्झनु पर्छ ।

(ढ) "विद्यालय स्तरीय संजाल" भन्नाले यस पालिका अन्तरगत माध्यमिक तह सम्म संचालन भएका विद्यालय गठन भएका विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाललाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालन

३. **उद्देश्यहरुः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछन्,

(क) नगरपालिका भित्र रहेका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने तथा बालिका शिक्षा र समावेशी शिक्षाको प्रवर्द्धन गर्ने ।

(ख) बालिकाहरूले सामना गरिरहेका शैक्षिक अवरोधहरूको सम्बोधन गर्ने र सिकाइलाई दिगो रुपमा जीवनपर्यन्त निरन्तरता दिने ।

(ग) विद्यालय हाताभित्र, विद्यालय आउँदा जाँदा र समुदायमा बालबालिका माथि हुने वा हुन सक्ने भेदभाव, शारीरिक, भावनात्मक तथा यौन दुर्व्यहार, शोषण, लैङ्गिक हिंसा,

शारीरिक वा मानसिक दण्ड सजाय, हेपाई लगायतका जोखिमको निर्धारित संयन्त्र, विधि र प्रक्रिया अनुरूप न्यूनीकरण गर्ने ।

(घ) पालिका स्तरीय तथा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा परिचालन कार्यविधि लागू गर्ने र सञ्जालको तथा लैङ्गिक सम्पर्क व्यक्तिको काम, कर्तव्य र भूमिका स्पष्ट गर्ने ।

(ङ) सञ्जालका सदस्यहरू तथा लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि गरी गुनासो सुनुवाई संयन्त्रलाई सुदृढ गर्ने ।

**४. नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन र सञ्चालनः**

(१) शिवराज नगरपालिकामा देहाय बमोजिमको नगरस्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन हुनेछः

(क) नगर प्रमुख - संरक्षक

(ख) नगर उपप्रमुख - संयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(च) संयोजकबाट मनोनित बालक्लवका तर्फबाट एक जना बालिका समेत दुई जना

- सदस्य

(छ) नगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य

(ज) नगरपालिका भित्रका अपाङ्गता भएको बालबालिकाको अभिभावक मध्येबाट संयोजकबाट मनोनित महिला अभिभावक मध्येबाट संयोजकले मनोनित गरेको एक जना - सदस्य

(झ) बालिका तथा समावेशी क्षेत्रमा कार्यरत संस्था मध्येबाट नगरपालिकाबाट मनोनित कम्तिमा एक जना महिला सहित तीन जना - सदस्य

(ञ) नगरपालिका भित्रका अपाङ्गता भएका बालबालिका मध्येबाट एक बालक र एक बालिका गरी संयोजकले तोकेको दुई जना - सदस्य

(ट) संजालको बैठकले मनोनयन गरेको एक जना महिला सहित दुई जना सञ्चारकर्मी

- सदस्य

(ठ) नगरपालिका क्षेत्रभित्रको सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षहरू मध्येबाट संयोजकबाट मनोनित एक जना - सदस्य

(ड) नगरपालिका भित्रको सामुदायिक विद्यालयमा प्रधानाध्यापक मध्येबाट संजालबाट मनोनित एक जना - सदस्य

(ढ) नगरपालिका भित्र भएको सामुदायिक विद्यालयको शिक्षक अभिभावक संघको अध्यक्ष मध्येबाट संजालको बैठकले मनोनयन गरेका एक जना - सदस्य

(ण) नगरपालकिाको कार्यक्षेत्रभित्र पर्ने नेपाल प्रहरीको कार्यालय प्रमुख वा निजले तोकेको एक जना प्रतिनिधी - सदस्य

(त) नगरपालिका भित्र भएको सामुदायिक विद्यालयका लैङ्गिक सम्पर्क शिक्षकहरु मध्येबाट संयोजकबाट मनोनित एक जना - सदस्य

(थ) नगरपालिका भित्रका सामुदायिक माध्यमिक विद्यालय मध्येबाट गुनासो सुनुवाई संयन्त्रमा भएको विद्यार्थी मध्येबाट संयोजकले तोकेको छात्रा एक जना - सदस्य

(द) नगरकार्यपालिका दलित वा महिला सदस्य मध्येबाट नगरप्रमुखले तोकेको दुई जना - सदस्य

(ध) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख - सदस्य सचिव

**५. बैठक संचालन प्रकृयाः**

(क) सञ्जालको गणपूरक सङ्ख्या समितिको तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर समितिको बैठकमा गणपूरक सङ्ख्या नपुगी लगातार दुई पटक बैठक स्थगित भएमा तेस्रो पटक बैठक सञ्चालन गर्न कम्तिमा एक चौथाइ सदस्य उपस्थित भएको हुनुपर्ने छ ।

(ख) सञ्जालको बैठक वर्षमा कम्तिमा पनि ४ पटक बस्ने छ तर आवश्यकता अनुसार सो भन्दा धेरै पटक पनि बस्न सक्नेछ ।

(ग) आवश्यकता अनुसार सञ्जालको बैठकमा विषयगत विज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ

(घ) सञ्जालको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्जालले तोके बमोजिम हुनेछ ।

(ङ) सञ्जालका सदस्यले सञ्जालको बैठकमा उपस्थित सदस्यले नियमानुसार बैठक भत्ता प्राप्त गर्नेछन् ।

(च) सञ्जालमा मनोनित वा तोकिएका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ । तर मनोनित गर्ने वा सदस्य चयन गर्ने अधिकार प्राप्त जनप्रतिनिधिको कार्यकाल समाप्त भएमा निजले तोकिएको सदस्यको कार्यकाल स्वतः समाप्त हुनेछ ।

**६. नगरपालिका स्तरिय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र अधिकारः**
नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा गुनासो सुनुवाई समितिको लागि आवश्यक प्रतिनिधि तोकी गुनासो सुनुवाई कार्यविधि, २०७४ (पहिलो संशोधन, २०७७) अनुसार पालिका भित्रका विद्यालयहरूमा गुनासो सुनुवाई समिति गठन गर्न र त्यसलाई क्रियाशील बनाउन पहल गर्ने ।

(ख) विद्यालयले गुनासो सुनुवाई कार्यविधि अनुसार सुझाव पेटिका तथा गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गुनासो संकलन, प्राप्त गुनासोहरूको वर्गीकरण र प्राथमिकीकरण गरी त्यसलाई सम्बोधन गरेको वा नगरेको अनुगमन गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने आवश्यक निर्देशन दिने ।

(ग) विद्यालयस्तरमा सम्बोधन हुन नसकेको गुनासोहरूलाई समाधानको लागि सम्बन्धित निकायमा प्रतिवेदन गर्न पहल गर्ने ।

(घ) विद्यालयस्तरमा परेका तथा सम्बोधन गरिएका गुनासोहरूको अद्यावधिक विवरण लिइ राम्रो कार्य गर्ने विद्यालय तथा विद्यालय स्तरीय लैङ्गिक सम्पर्क व्यक्तिलाई पुरस्कृत तथा प्रोत्साहन गर्ने ।

(ङ) वार्षिक तथा अद्यावधिक योजनामा लैङ्गिक, अपाङ्गता लगायतका सामाजिक समावेशीकरणका समसामयिक विषय समावेश गर्न पहल गर्ने । साथै विद्यालय एवं पालिकामा गुनासो सुनुवाई संयन्त्र सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न पहल गर्ने ।

(च) विद्यालयमा लैङ्गिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य बहिष्करणमा परेको बालबालिकाको पहिचान गरी न्यूनीकरणको लागि पहल गर्ने ।

(छ) स्थानीय सामुदायिक प्रहरी साझेदारी कार्यक्रमको समन्वय र सहकार्यमा समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव, साईवर क्राईम, लागू औषध, बालविवाह तथा दण्ड सजाय जस्ता गतिविधिहरूको न्यूनीकरणको लागि पहल गर्ने ।

(ज) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चिताको लागि पहल गर्ने ।

(झ) विद्यालयहरूमा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धि गरेका कार्यहरू नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

(ञ) विद्यालयहरूमा बालबालिका आत्मरक्षाको लागि तालिमको व्यवस्था गर्ने ।

(ट) पीडित बालबालिकाको हिंसा, शोषण र दुर्व्यवहार जस्ता उजुरीहरूलाई गोपनीयता कायम गर्दै सम्बन्धित निकायमा रिर्पोट गर्ने र पीडितलाई आवश्यक सहयोगको लागि पहल गर्ने ।

(ठ) बालबालिकालाई सुरक्षित वातावरणमा अध्ययन अध्यापन गर्न गराउन विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्ने र गराउने ।

(ड) नगरपालिकामा सञ्चालित विभिन्न अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका बालिकाहरूको तथ्यांक संकलनमा विभिन्न संघ-संस्थाहरूसँग समन्वयात्मक बैठक सञ्चालन गरि, बालिकाहरूलाई औपचारिक शिक्षामा भर्ना गर्न तथा जीवन उपयोगी योजना बनाउनमा पहल तथा सहयोग गर्ने ।

(ढ) नगरपालिकामा सञ्चालित विभिन्न बालिका कार्यक्रमहरूमा बालिकाहरूको संलग्नतामा पहल गर्ने तथा उपलब्ध भएको श्रोत साधनहरूमा बालिकाहरूको पहुँचलाई सुनिश्चितता गर्ने ।

(ण) नगरपालिकामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गतका अभिभावकहरूको लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने तथा गराउने ।

(त) नगरपालिका स्तरबाट वार्षिक योजना तर्जुमा गर्दा बालबालिकाको लागि योजना बनाई बजेट विनियोजन गर्ने ।

(थ) वातावरणीय एवं दैवि प्रकोप निवारण तथा प्रतिकार्यका लागि पैरवी गर्ने ।

(द) बालबालिकालाई सामाजिक सुरक्षा योजनामा पहुँचको लागि समन्वय तथा सहयोग गर्ने ।

(ध) नगरपालिका भित्रका विद्यालयहरूमा सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपमा पिछडिएका बालबालिकाको शिक्षाको प्रगतिलाई बेला बेलामा अनुमगन तथा मूल्यांकन गरि सुधारको लागि योजनाहरू विद्यालय स्तरमा छलफल गर्ने तथा कार्य योजना बनाउने ।

**७. विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन**

विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको गठन देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संरक्षक

(ख) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको विद्यालय व्यवस्थापन समितिको सदस्य - संयोजक

(ग) विद्यालय रहेको वडाको महिला सदस्य एक जना - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक - सदस्य

(ङ) महिला शिक्षक मध्येबाट संयोजकले तोकेको एक जना - सदस्य

(च) शिक्षक अभिभावक सङ्घ बाट तोकिएका एकजना महिला सहित दुई जना - सदस्य

(छ) बालक्लबबाट तोकिएका एकजना बालिका सहित दुईजना - सदस्य

(ज) विद्यालय रहेको वडामा क्रियाशील संघसंस्था बाट एक जना - सदस्य

(झ) अपाङ्गता भएका वा सीमान्तकृत समुदायका बालबालिकाका अभिभावक मध्येबाट समितिले मनोनीत गरेको कम्तीमा एक महिला सहित दुई जना - सदस्य

(ञ) विद्यालय नर्स वा स्थानीय स्वास्थ्य स्वयं सेविका - सदस्य

(ट) विद्यालयको लैङ्गिक सम्पर्क शिक्षक - सदस्य सचिव

स्रोत कक्षा सञ्चालित विद्यालयको हकमा विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालमा स्रोत शिक्षकलाई सदस्यको रूपमा संयोजकले मनोनयन गर्नुपर्नेछ ।

**८. विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक तथा पदावधि सम्बन्धी व्यवस्थाः**

(क) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक वर्षमा कम्तीमा चार पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठकमा आवश्यकता अनुसार सरोकारवाला र अपाङ्गताको क्षेत्रमा क्रियाशील सङ्घ संस्था, निकाय र विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ । तर मनोनित गर्ने वा सदस्य चयन गर्ने अधिकार प्राप्त पदाधिकारीको कार्यकाल समाप्त भएमा निजले तोकिएको सदस्यको कार्यकाल स्वतः समाप्त हुनेछ ।

(घ) विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालको बैठक सम्बन्धी व्यवस्था सञ्जाल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **विद्यालय स्तरीय बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सम्पादन हुने कार्यः**

(क) शिक्षक तथा विद्यार्थी आचार संहितामा बालबालिका तथा समावेशी शिक्षा विषय समेत समावेश गरी निर्माण तथा कार्यान्वयन गर्ने गराउने,

(ख) बालबालिकाको शिक्षाको हक सुनिश्चितताका लागि विद्यालय सुधार योजनामा स्थानीय तहको बालिका तथा समावेशी शिक्षा सञ्जालबाट सिफारिस भएका विषयलाई समावेश गरी कार्यान्वयन गराउने,

(ग) विद्यार्थीको प्रारम्भिक लेखाजोखा मार्फत अपाङ्गताको पहिचान गरी आवश्यक सेवाका लागि सहयोग तथा सिफारिस गर्ने,

(घ) विद्यालयमा अपाङ्गता भएका विद्यार्थीका लागि अपाङ्गता मैत्री वातावरण सिर्जनाका लागि अवरोध मुक्त विद्यालय क्षेत्र निर्माण गर्ने तथा वैयक्तिक शिक्षण योजना तयार गराई कार्यान्वयन गर्ने,

(ङ) वैकल्पिक शिक्षा मार्फत पढाइ पूरा गरेका बालबालिकालाई विद्यालय भर्ना गर्ने तथा सिकाइ निरन्तरतामा सहयोग गर्ने,

(च) विद्यालय स्तरीय गुनासो सुनुवाइ कार्यान्वयनका लागि कानुनी व्यवस्था बमोजिम सुझाव पेटिका व्यवस्थापन तथा कार्यावन्यन गर्ने गराउने,

(छ) गुणस्तरीय अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ज) बालिका, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाको समावेशी शिक्षा सम्बन्धी विद्यमान नीति, योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकाय सँग समन्वय गर्ने र आवश्यकता अनुसार साझेदारी तथा सहकार्य गर्ने,

(झ) विद्यालय तथा समुदाय स्तरमा बालिका माथि भएको लैङ्गिक हिंसा न्यूनीकरणका लागि सम्बन्धित निकायमा समन्वय गर्ने,

(ञ) बालिका तथा समावेशी शिक्षा अन्तर्गत सामाजिक तथा सांस्कृतिक बाधालाई समाधान गर्न आवश्यक समन्वय र सहकार्य गर्ने,

(ट) बालिका तथा समावेशी शिक्षा सञ्जालमा सिफारिस भएका मध्ये विद्यालयबाट समाधान गर्न नसकिने विषयको सम्बन्धमा स्थानीयतहको योजना तथा कार्यक्रममा समावेश गर्न समन्वय गर्ने,

(ठ) बालिकामैत्री वातावरण निर्माणमा सहजीकरण गर्ने तथा वास ९दब्क्ज्० सुविधा सहितको शौचालय, सेनिटरी प्याड, विद्यालय दिवा खाजा कार्यक्रम, छात्रबृत्ति, स्वास्थ्य सेवा, आदिको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने,

(ड) विद्यालयमा बालिका, सीमान्तकृत समुदायका बालबालिका र अपाङ्गता भएका बालबालिकाको पठन पाठनका लागि उपयुक्त वातवारण सृजना गर्न सहयोग गर्ने,

(ढ) लैङ्गिक हिंसा तथा दुर्व्यवहार, बालविवाह, विपद् जोखिम न्यूनीकरण आदि विषयमा सचेतना, अभिमुखीकरण गर्ने गराउने,

(ण) जोखिम, हेपाइ, हिंसा तथा उत्पीडन आदि जस्ता घटनाको न्यूनीकरण तथा समाधान गर्न स्थानीय सहयोग समूह र संस्थाको सम्पर्क विवरण तयार राख्ने र सम्बोधन गर्ने प्रक्रिया बारे बालक्लब र किशोर तथा किशोरी समूहका सदस्यलाई अभिमुखीकरण गर्ने,

(त) बालबालिकाको बिशिष्ट आवश्यकता सम्बोधनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ र प्रधानाध्यापक समक्ष पुऱ्याउन सहयोग गर्ने,

(थ) विद्यालय र विद्यालय स्तरीय सञ्जालको सहयोगमा बालबालिकालाई नेतृत्व सीप, परिचालन, सचेतना र सामुदायिक विकास जस्ता विषय सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(द) विद्यालयमा कठिन परिस्थितिमा रहेका बालिका, सीमान्तकृत समुदाय र अपाङ्गता भएका विद्यार्थीको विस्तृत व्यक्तिगत विवरण एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने,

(ध) स्थानीय तहको समन्वयमा विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने,

(न) सञ्जालको बैठकमा भएका छलफल र निर्णयको कार्यान्वयन स्थितिको पहिचान तथा समीक्षा गर्ने र थप प्रभावकारी कार्यान्वयनका लागि सुझाव उपलब्ध गराउने

(ऩ) गुनासो सुनुवाइ समिति र बालक्लब र किशोर तथा किशोरी समूह, लैङ्गिक सम्पर्क व्यक्ति, प्रअ र शिक्षक तथा शिक्षण सिकाइ सम्बन्धमा भएको उपलब्धि तथा प्रगति विवरणको समीक्षा गरी आवश्यक मार्ग निर्देशन र सल्लाह प्रदान गर्ने,

(प) सञ्जालको कार्यविवरण भित्रका बिषयसँग सम्बन्धित क्रियाकलापमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारीताका लागि समय समयमा अनुगमन तथा समीक्षा गरी प्रतिवेदन तयारी र संप्रेषण गर्ने ।

**१०. लैङ्गिक सम्पर्क व्यक्ति तोक्नु पर्नेः**

(१) बालिका तथा समावेशी शिक्षा संजालले बालकल्याण अधिकारी वा महिला तथा बालबालिका शाखा प्रमुखलाइ लैङ्गिक सम्पर्क व्यक्ति तोक्न नगरपालिकालाई सहजिकरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको लैङ्गिक सम्पर्क व्यक्तिको काम कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछः

(क) लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोरकिशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अभिभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरू र स्थानीय सरकार बीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्जाल मार्फत सञ्चालन गर्ने ।

(ख) न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई, मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक कानूनी सिद्धान्त तथा प्रक्रियाको बारेमा क्षमता विकासमा सहयोग गर्ने ।

**११. परामर्श लिन सक्नेः**

सञ्जालले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

**१२. स्रोतको व्यवस्थापनः** नगरपालिका तथा वडाले बालिका तथा समावेशी शिक्षा सम्बन्धी कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयको लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

**१३. कोष सम्बन्धी व्यवस्थाः** नगरपालिकाले शिवराज नगरपालिकाको वालकोष (स्थापना तथा संचालन) ऐन २०८१ बमोजिमको ब्यवस्था गरिएको कोष मार्फत यस कार्यबिधि अनुसार खर्च गर्ने व्यवस्था गरिनेछ ।

**१४. खर्च रकम सोधभर्ना गर्नुपर्नेः** सञ्जालले यस कार्यविधि बमोजिम कोषबाट खर्च गरेको रकम यथाशीघ्र सोधभर्नाका लागि नगरपालिकालाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद ३

## विविध

**१५. सञ्जालको सदस्यहरूको लागि अवसर प्रदान गर्न सकिनेः**

(क) सञ्जालका पदाधिकारी र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास र नेतृत्व सीप विकासका लागि स्थानीय तह तथा साझेदार संस्थाहरूबाट निर्धारण भए बमोजिम अनुशिक्षण, कार्यक्रम क्षेत्र भ्रमण, कार्यशाला र अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा सहभागी हुने अवसर प्रदान गर्न सकिनेछ ।

(ख) मूल्यांकनबाट उत्कृष्ट ठहरिएका सदस्यहरूलाई प्रेरणाको श्रोत व्यक्तिको रुपमा चयन गर्न सकिनेछ ।

१६. **वडा स्तरीय संजाल गठन र परिचालन गर्न सकिनेः** शिवराज नगरपालिका स्तरीय बालिका तथा समावेशी शिक्षा संजालको अधिनमा रहि शिवराज नगरपालिकाले वडा स्तरमा वडा अध्यक्षको संयोजकत्वमा वडा स्तरीय बालिका तथा समावेशी शिक्षा संजाल गठन र परिचालन गर्न सक्नेछ ।

१७. **प्रतिवेदन पेश गर्नेः** सञ्जालले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्ने छ ।

१८. **खर्च सार्वजनिक गर्नुपर्नेः**

(१) यस कार्यविधि बमोजिम गरिएको खर्चको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अलावा नगरपालिकाले निर्देशन दिएको अवस्थामा सञ्जालले सार्वजनिक सुनवाइ, सार्वजनिक परीक्षण जस्ता सार्वजनिक उत्तरदायित्वका औजारहरूको प्रयोग गरी योजना वा कार्यक्रम कार्यान्वयनको अवस्थाबारे सरोकारवालालाई जानकारी गराउनु पर्नेछ।

१९. **अभिलेख राख्नेः** सञ्जालको सचिवालयको रुपमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखा रहनेछ । यस कार्यविधि बमोजिमका गतिविधिहरूको अभिलेख सोही शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

२०. **अनुगमन सम्बन्धी व्यवस्थाः**

(क) यस कार्यविधि बमोजिम भएका कामहरूको नियमिति तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि संरक्षक वा संयोजक वा निजहरूले तोकेको समिति वा समितिको सदस्य वा कर्मचारी रहेको टोली खटाई भएको कार्यको अनुगमन गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम खटिएको अनुगमन टोली वा पदाधिकारीले आफूलाई प्राप्त कार्यदिशका आधारमा अनुगमनका क्रममा देखिएको विवरणसहितको प्रतिवेदन संयोजक वा संरक्षक मार्फत सञ्जाल समक्ष पेश गर्नु पर्नेछ ।

२१. **पुरस्कार, सम्मान तथा असूलीः**

(क) बालिका तथा समावेशी शिक्षा सम्बन्धमा उत्कृष्ट कार्य गर्ने व्यक्ति, संघ, संस्था वा निकायलाई सञ्जालले पुरस्कार तथा सम्मान गर्न सक्नेछ ।

(ख) यस कार्यविधि बमोजिम कुनै अनुदान उपलब्ध गराइएको हकमा त्यस्तो उपलब्ध गराइएको अनुदान वा सहायता रकमको सही सदुपयोग नगर्ने र तोकिएको क्षेत्रमा प्रयोग नगर्ने अनुदान वा सहायताग्राहीको बाँकी अनुदान रोक्का गर्ने र भुक्तानी भइसकेको अनुदान असूल गर्ने तथा अन्य अनुदानबाट कट्टा गरिनेछ । साथै यसरी असूल तथा कट्टा गर्दा समेत असूली नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. **निर्देशन दिन सक्ने:** शिवराज नगरकार्यपालिकाले सञ्जालको काम कारबाहीको सम्बन्धमा सञ्जाललाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२३. **खारेजी र बचाउः**

(क) यो कार्यविधि कार्यान्वयन गर्न बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

(ख) यस कार्यविधि अन्तर्गत भएको व्यवस्था सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(ग) यस कार्यविधिमा रहेको प्रावधानहरू प्रचलित संविधान, सङ्घीय, प्रदेश तथा स्थानीय कानूनसँग बाझिएको हकमा स्वतः निस्क्रिय हुनेछन् ।

*स्वीकृत मितिः २०८२/०१/१२*

**आज्ञाले,**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**